विश्लेषण

# सार्वजनिक शिक्षाका समस्या र सुधारका उपाय



■ देवेन्द्र उप्रेती

**लामो समयसम्म राज्यले गरेको लापरबाही र बेवास्ताले हाम्रो शिक्षा असमान, बहुरंगी र वर्गका आधारित भेदभाव गर्ने प्रणालीमा रूपान्तरित भएको छ ।**

नेपालमा सामुदायिक विद्यालय कमजोर हुनुमा थुप्रै ऐतिहासिक कारण छन् । विद्यालय कुन भूभाग (तराई, पहाड, हिमाल, सहर वा गाउँ) मा छ ?; विद्यालय कहिले स्थापना (२०२८ सालअघि कि पछि) भएको हो ?; विद्यालयमा योग्य शिक्षकको पर्याप्तता केकस्तो छ ?; विद्यालय सञ्चालन प्रक्रियामा विद्यालय स्थापना गर्ने समुदायको भूमिका अहिले केकस्तो छ ?; र विगतमा विद्यालय सञ्चालनको 'संस्थागत परिपाटी' केकस्तो थियो भन्ने कुराले तत्तत् विद्यालयको स्थिति ठम्याउन सकिन्छ ।

संक्षेपमा भन्दा सार्वजनिक शिक्षाका प्रमुख अवयवका रूपमा देशैभर छरिएर रहेका यी सामुदायिक विद्यालयका आफ्नै खाले 'विशिष्टता' छन् । त्यसैले नेपालको सार्वजनिक शिक्षा सुधार्न बहुल र धेरै हदसम्म स्थानिक (लोकलाइज्ड) रणनीति अख्तियार गर्नु जरूरी देखिन्छ ।

यति हुँदाहुँदै पनि सार्वजनिक शिक्षामा देखिएका मोटामोटी केही साझा समस्याबारे मात्र यो लेखमा विवेचना गरेको छु । ती हुन्– पहिलो, शिक्षामा राज्यको न्यून लगानी; दोस्रो, पछिल्लो समय समाजमा वर्गीय रूपमा विकसित समानान्तर दुई (सामुदायिक र संस्थागत) शिक्षा प्रणाली; तेस्रो, चाहिनेभन्दा अधिक सामुदायिक विद्यालयको संख्या; चौथो, सामुदायिक विद्यालयका प्रधानाध्यापक (प्रअ)/शिक्षकको कमजोर शैक्षिक योग्यता; र पाँचौं, सामुदायिक विद्यालय संरचनाभित्र रहेका विभेद एवम् असमानता । यी समस्याबारे बुँदागत रूपमा विस्तृतमा चर्चा गर्नुअघि विद्यालय शिक्षासम्बन्धी विद्यमान संवैधानिक प्रावधान र संघीय शिक्षा ऐन निर्माणमा भएको विलम्बले शैक्षिक क्षेत्रमा सिर्जना गरेको जटिलताबारे संक्षेपमा केही प्रस्ट पारौं ।

संविधानको अनुसूची-८ को आठौं बुँदामा माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय सरकारको क्षेत्राधिकारभित्र राखिएको छ । संविधान अनुकूल हुने गरी संघीय शिक्षा ऐन समयमै बन्न नसक्दा विद्यालय शिक्षासम्बन्धी संवैधानिक अधिकार कार्यान्वयन गर्ने क्रममा केही समस्या देखिएका छन् । यद्यपि संविधानले माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय सरकारको मातहतमा रहने प्रस्ट किटान गरेपछि स्थानीय सरकारले चाहने हो भने शिक्षासम्बन्धी कानुन निर्माण गरी काम गर्न सक्ने अवस्था भने छ । संविधानले दिएको यही अधिकार प्रयोग गरी कतिपय पालिकाले शिक्षा नियम-कानुन बनाई काम पनि गरिरहेका छन् ।

शिक्षासँग प्रत्यक्ष सम्बन्धित नभए पनि, सरकारले २०७४ सालमा कार्यान्वयनमा ल्याएको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा सञ्चालन/व्यवस्थापन स्थानीय सरकारको क्षेत्राधिकारभित्र राख्दै स्थानीय तहमा शिक्षा नीति, ऐन-नियम बनाउनेदेखि लिएर विद्यालय सञ्चालन, नियमन, अनुगमन जस्ता अधिकार स्थानीय सरकारलाई दियो (नेपाल सरकार २०७४) । अर्कातर्फ, मौजुदा राष्ट्रिय शिक्षा ऐन, २०२८ पनि यथावत् रहकाले अहिले विद्यालय शिक्षा क्षेत्रलाई 'गभर्न' गर्ने दुई ओटा ऐनका विभिन्न प्रावधान एकैसाथ क्रियाशील भइरहेका छन । करिब ४६ वर्षको अन्तरमा र धेरै हदसम्म फरकफरक शासकीय-राजनीतिक सन्दर्भमा निर्माण भएका यी ऐन एकैसाथ क्रियाशील रहँदा यसले विद्यालय सञ्चालन प्रक्रियालाई थप असहज बनाएको छ ।

## शिक्षामा न्यून लगानी

संविधानमा शिक्षाको हकलाई मौलिक हकअन्तर्गत राखिएको छ । प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा

अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको व्यवस्थासमेत संविधानमा छ। शिक्षासम्बन्धी संवैधानिक हकको प्रत्याभूति गर्न राज्यले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन एवम् नियमावलीसमेत जारी गरिसकेको छ। संविधानमा विद्यालय शिक्षा 'अनिवार्य र निःशुल्क' लेख्दैमा वा 'शिक्षाको अधिकारसम्बन्धी ऐन' ल्याउँदैमा विद्यालय शिक्षा निःशुल्क हुने होइन। राज्यले शिक्षामा लगानी वृद्धि नगरीकन विद्यालय शिक्षा 'निःशुल्क' हुनुपर्ने जस्ता संवैधानिक र कानुनी प्रावधानको कार्यान्वयन त्यति सजिलो छैन।

सार्वजनिक शिक्षामा सरकारी लगानीको अभावको मात्राबारे विभिन्न समयमा गरिएका विभिन्न अध्ययन एक आपसमा मेल नखाए पनि तिनले अभावको वस्तुस्थिति बुझाउन सहयोग गर्छन्। उदाहरणका लागि संविधान, २०७२ जारी भइसकेपछि सरकारबाट गठित उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदनले संविधानमा उल्लेख भएका प्रावधान (अनिवार्य र निःशुल्क शिक्षा) कार्यान्वयन गर्नका लागि तीन तह (संघ, प्रदेश र स्थानीय) सरकारबीच शिक्षामा लगानीको मापदण्ड तोकी उनीहरूलाई जिम्मेवार बनाउनुपर्नेमा जोड दिएको थियो। प्रतिवेदनले सामुदायिक विद्यालयमा आवश्यक शैक्षिक जनशक्ति प्रबन्ध, शैक्षिक सामग्रीको उपलब्धता, शिक्षण सिकाइको गुणस्तर वृद्धि र प्रभावकारी शिक्षक तालिमका लागि पर्याप्त लगानी आवश्यक भएकाले सार्वजनिक शिक्षामा अहिले भइरहेको लगानीलाई करिब दोब्बर (कुल राष्ट्रिय बजेटको करिब २० प्रतिशत) गर्नसमेत सुझाएको थियो।

विद्यालय शिक्षामा लगानी बढाउनुपर्ने मुद्दा बारम्बार उठे पनि सार्वजनिक शिक्षा तीन ओटै सरकारको प्राथमिकतामा परेको देखिँदैन। उदाहरणका लागि गएको एक दशकयता संघीय कुल बजेटमा शिक्षामा विनियोजित रकम ११ प्रतिशतको हाराहारीमा मात्र देखिन्छ *(हेर्नुहोस्, तालिका १)*।

संविधानमा विद्यालय शिक्षा स्थानीय सरकारको मातहतमा भए पनि सामुदायिक विद्यालयको सबलीकरणका लागि आवश्यक स्रोत केकसरी जुटाउने भन्नेमा उनीहरूको कुनै योजना पनि देखिँदैन। अपवादबाहेक अधिकांश स्थानीय सरकारले आफ्नो कुल बजेटको २-३ प्रतिशत पनि रकम पनि शिक्षामा खर्चेको देखिँदैन। सार्वजनिक शिक्षामा रूपान्तरण गर्ने हो भने शिक्षा आयोगको प्रतिवेदनले जोड दिए झैं संघ, प्रदेश र स्थानीय तीन ओटै सरकारले आफ्नो कुल

**तालिका १: शिक्षामा सरकारी लगानी** (रु. करोडमा)

| आर्थिक वर्ष | कुल राष्ट्रिय बजेट | कुल शिक्षा बजेट | शिक्षामा विनियोजन (%) | वैदेशिक सहायता | शिक्षा बजेटमा वैदेशिक सहायताको अंश (%) |
|---|---|---|---|---|---|
| २०७१/७२ | ५९,४०० | ९,१७१ | १५.४ | १,२३५ | १३.५ |
| २०७२/७३ | ८१,९४६ | ९,८६४ | १२.० | १,५१८ | १५.४ |
| २०७३/७४ | १,०४,८९२ | ११,६३६ | ११.१ | १,०३४ | ८.९ |
| २०७४/७५ | १,२७,८९९ | १२,६६४ | ९.९ | १,०९६ | ८.६ |
| २०७५/७६ | १,३१,५१६ | १३,४५१ | १०.२ | १,२८७ | ९.६ |
| २०७६/७७ | १,५३,२९६ | १६,३७६ | १०.७ | १,७४६ | १०.७ |
| २०७७/७८ | १,४७,४६४ | १७,१७१ | ११.६ | २,४५१ | १४.३ |
| २०७८/७९ | १,६४,७५७ | १८,००४ | १०.९ | १,७१९ | ९.५ |
| २०७९/८० | १,७९,३८३ | १९,६३९ | १०.९ | २,७५५ | १४.० |
| २०८०/८१ | १,७५,१३१ | १९,७२९ | ११.७ | २१४४७६ | १०.७ |
| २०८१/८२ | १, ८६,०३० | २०,३७४ | १०.९ | - | - |

स्रोतः पराजुली, उप्रेती र वन्त (२०७९) र शिविप्रम (२०८०, ८१)।

बजेटको न्यूनतम २० प्रतिशत विनियोजन गर्ने नीतिगत व्यवस्था गर्नुपर्छ ।

सार्वजनिक शिक्षामा भएको लगानीबारे छलफल गर्दा छुटाउनु नहुने आयाम हो, लामो समयदेखि शैक्षिक क्षेत्रमा भएको वैदेशिक/दातृ निकायको लगानीको प्रभावकारिता । सार्वजनिक शिक्षा सुधारका नाउँमा विशेषगरी वैदेशिक लगानीमा विभिन्न समयमा सुरू गरिएका शैक्षिक परियोजना जस्तै 'आधारभूत तथा प्राथमिक शिक्षा परियोजना' (पहिलो र दोस्रो), 'सबैका लागि शिक्षा कार्यक्रम', 'सामुदायिक विद्यालय सहयोग परियोजना', र 'विद्यालय क्षेत्र विकास कार्यक्रम' आदि सञ्चालनमा थिए । अहिले पनि 'विद्यालय शिक्षा क्षेत्र योजना (सन् २०२२-२०३०)' कार्यान्वयनमा छ । वैदेशिक लगानी/दातृ निकाय/संस्थाहरूको संयुक्त आयोजनामा सञ्चालित अर्बौं लगानीका यी बृहत् परियोजनाको प्रभावकारितामा समेत प्रशस्तै प्रश्न छन् । किनकि शैक्षिक सुधारका नाउँमा सञ्चालित यी बृहत् परियोजना प्रभावकारी भएको भए हाम्रो सार्वजनिक शिक्षाको यो अधोगति नहुनुपर्ने थियो । त्यसैले शैक्षिक 'गभर्नेन्स'मा केन्द्रित यी बृहत् परियोजनाको प्रभावकारिताबारे समेत सार्वजनिक रूपमा पुनरावलोकन गरिनुपर्छ ।

वास्तवमा रकम-स्रोत नभएर भन्दा पनि राज्यको प्राथमिकता नपरेका कारण सार्वजनिक शिक्षामा आवश्यक लगानी जुट्न सकेको छैन । माथि भनिए झैं संघीय सरकारको कुरै छाडौं, माध्यमिक तहसम्म सञ्चालनको जिम्मेवारी पाएको स्थानीय सरकारले समेत सार्वजनिक शिक्षालाई प्राथमिकतामा राखेको पाइँदैन ।

सार्वजनिक शिक्षाप्रति प्रतिबद्ध र दरिलो इच्छाशक्ति भएको खण्डमा कैयौं महानगरपालिका, उपनगरपालिका,




नगरपालिकाले स्थानीय स्रोत परिचालन गरेर पालिकाभित्रका सामुदायिक विद्यालय सुधार गर्न सक्छन् । यसले उदाहरणीय शैक्षिक पालिका रूपमा चिनाउने अवसरसमेत उनीहरूलाई मिल्थ्यो । सार्वजनिक शिक्षामा अलिअलि ध्यान दिएका काठमाडौं महानगरपालिका र बारबर्दिया नगरपालिकाको उदाहरणबाट पनि यस्तो भन्न सकिन्छ । तीनै तहको सरकारले शिक्षामा लंगानी वृद्धि नगर्ने तर कानुनी प्रावधानको कार्यान्वयनतिर मात्र लाग्ने हो भने यसले अन्ततः सामुदायिक विद्यालयलाई थप धराशायी बनाउँछ । सार्वजनिक शिक्षा धराशायी हुनु भनेको शिक्षामा निजीकरण बढ्नु हो । शिक्षासम्बन्धी पछिल्ला तथ्यांकले यस्तै देखाउँछ ।

## दुई वर्गीय शैक्षिक प्रणाली

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेपालको शैक्षिक प्रणाली सार्वजनिक र निजी दुई भिन्न धारमा विस्तारित हुन पुगे । २०४६ पछि राज्यले अँगालेको नवउदारवादी अर्थव्यवस्थाकै जगमा शिक्षामा निजी लगानीका 'एक्टरहरू' प्रवेश गरेका थिए । यसपछि शिक्षालाई सार्वजनिक हितको वस्तु (पब्लिक गुड) का रूपमा भन्दा पनि नाफा कमाउने वस्तुका रूपमा बुझिन थालियो । शिक्षामा लगानी गरिरहेका विश्व बैंक र एसियाली विकास बैंक जस्ता दातृ निकायले समेत शिक्षाको निजीकरणमा प्रोत्साहन गरे । फलस्वरूप तीव्र रूपमा शिक्षामा निजीकरण भयो । शिक्षाबारे सार्वजनिक रूपमा उपलब्ध तथ्यांकले यस्तै भन्छ ।

उदाहरणका लागि २०४७ सालतिर संस्थागत विद्यालयमा पढ्ने विद्यार्थीको हिस्सा करिब ७ प्रतिशत थियो । त्यसको करिब २४ वर्षपछि, २०७१/७२ सालमा कुल विद्यालयका विद्यार्थीमध्ये करिब

## तालिका २: एक दशकमा सामुदायिक र संस्थागत विद्यालयमा पढ्ने विद्यार्थी दरमा आएको फेरबदल

| शैक्षिक वर्ष | विद्यार्थी | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | जम्मा विद्यार्थी संख्या** | प्रतिशत |
| २०१४/२०१५ | छात्र | २९७८२२४ | ८१ | ७०७३७१ | १९ | ३६८५५९५ | १०० |
| | छात्रा | ३२५६६८९ | ८६ | ५४६४१४ | १४ | ३८०३१०३ | १०० |
| | जम्मा विद्यार्थी | ६२३४९१३ | ८३ | १२५३७८५ | १७ | ७४८८६९८ | १०० |
| २०२४/२०२५ | छात्र | २२००३२१ | ६१ | १३८१८८६ | ३९ | ३५८२२०७ | १०० |
| | छात्रा | २३२१०२६ | ७० | ९८६१९३ | ३० | ३३०७२१९ | १०० |
| | जम्मा विद्यार्थी | ४५२१३४७ | ६६ | २३६८०७९ | ३४ | ६८८९४२६ | १०० |

** प्रारम्भिक बाल विकासका भर्ना भएका विद्यार्थीलाई यस तालिकामा गणना गरिएको छैन। स्रोत: शिक्षा मन्त्रालय।

१७ प्रतिशत (१९ प्रतिशत छात्र, १४ प्रतिशत छात्रा) संस्थागत शिक्षण संस्थामा पढ्थे भने बाँकी सामुदायिक विद्यालयमा पढ्न जान्थे (शिक्षा मन्त्रालय २०७१)। अहिले (२०८१/२०८२ साल) ३४ प्रतिशत (३९ प्रतिशत छात्र, ३० प्रतिशत छात्रा) विद्यार्थी निजी शिक्षण संस्था र बाँकी (६६ प्रतिशत) सामुदायिक विद्यालयमा पढ्न जान्छन् *(हेर्नुहोस्, तालिका २)*।

शिक्षा मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रकाशित फ्लास रिपोर्ट २०८१ अनुसार माध्यमिक तहको दाँजोमा निम्न माध्यमिक तह र निम्न माध्यमिक तहको दाँजोमा प्राथमिक तहमा संस्थागत विद्यालयमा पढ्ने विद्यार्थीको प्रतिशत उच्च रहेको देखाउँछ। जस्तै प्राथमिक तह (कक्षा १ देखि ५) मा भर्ना भएका कुल विद्यार्थी (३५ लाख १४ हजार ९ सय २८) मध्ये करिब ३८ प्रतिशत (१३ लाख २७ हजार ४ सय ७९) संस्थागत शिक्षण संस्थामा पढिरहेका छन्।

त्यसैगरी कक्षा ६ देखि ८ सम्म पढ्ने कुल विद्यार्थी (१८ लाख ३२ हजार १ सय ४०) मध्ये ३० प्रतिशत (५ लाख ५७ हजार ९ सय ८६) र कक्षा ९ देखि १२ सम्म भर्ना भएका (१६ लाख ६३ हजार ७ सय ४०) मध्ये करिब २९ प्रतिशत विद्यार्थी संस्थागत विद्यालयमा पढिरहेका छन् (शिक्षा मन्त्रालय, २०८१)। यी विवरणले संस्थागत विद्यालयमा पढ्ने विद्यार्थीको दर यस्तै रफ्तारमा बढ्ने हो भने अब केही वर्षभित्रै सार्वजनिक र संस्थागत विद्यालयमा विद्यार्थी अनुपात ६०:४० हाराहारीमा पुग्ने देखिन्छ।

अझ, छर्लंग देखिने गरी विस्तारित भएका यी दुई तह (सार्वजनिक र संस्थागत) को शिक्षा प्रणालीले समाजलाई प्रस्ट रूपमा विभाजन गरेको छ। नेपालको उच्च र मध्यम वर्गको रोजाइ संस्थागत विद्यालय र विपन्नका लागि सामुदायिक विद्यालय बाध्यता हुन पुगेको छ (बाध्यता यसकारण कि आर्थिक हैसियत/अवसर नभएकाले मात्र उनीहरूले आफ्ना बालबच्चालाई सामुदायिक विद्यालयमा भर्ना गरेका हुन्)।

शिक्षासम्बन्धी पछिल्ला अध्ययनले यस्तै बताउँछ। उदाहरणका लागि शेयरकाष्ट इनिसिएटिभले अघिल्लो वर्ष (पुस-माघ, २०८२) नेपालको विद्यालय शिक्षाबारे सातै प्रदेशका दुई हजार ९०५ घरपरिवारलाई समेटेर गरेको शैक्षिक सर्वेक्षणले नेपालको शैक्षिक प्रणाली स्पष्ट रूपमा दुई वर्ग/धारमा विभाजित भएको देखाउँछ। सर्वेक्षणमा 'तपाईंको घरमा विद्यालय जाने उमेर (५-१६ वर्ष) का बालबालिका छन् ? छन् भने ती कस्तो किसिमका विद्यालय जान्छन् ?' भनी सोधिएको थियो। यो प्रश्नमा सर्वेक्षणका कुल सहभागी दुई हजार नौ सय पाँच जनामध्ये करिब ६४ प्रतिशत परिवारले आफ्नो घरमा विद्यालय जाने उमेर समूहका भएका बताएका थिए।

विद्यालय जाने उमेर समूहका परिवारमध्ये करिब ४८ प्रतिशतले आफ्ना सन्तान निजी शिक्षण संस्थामा पढाइरहेका थिए भने सामुदायिक विद्यालयमा पठाउँछौं भन्ने परिवार ४३. ४ प्रतिशत थियो। बाँकी, ८.२ प्रतिशत परिवारले भने आफ्ना बालबच्चा सामुदायिक र निजी दुवै शिक्षण संस्थामा पढाइरहेका थिए।

सामुदायिक कि संस्थागत विद्यालयको छनौट गर्ने सवालमा परिवारको आर्थिक हैसियतले प्रस्ट रूपमा काम गरेको यो सर्वेक्षणले देखाएको छ। सर्वेक्षणबाट प्राप्त नतिजाले भन्छ– अति विपन्न वर्गका परिवारमध्ये करिब ५४ प्रतिशत

परिवारले आफ्ना बालबालिका सामुदायिक विद्यालयमा पढाइरहेका छन् भने त्यो वर्गका करिब १० प्रतिशत मात्र संस्थागत विद्यालयमा छन् । यसको ठीक विपरीत आर्थिक रूपमा उच्चवर्गका ४७.२ ले संस्थागत विद्यालय र करिब आठ प्रतिशत परिवारले सामुदायिक विद्यालयमा आफ्ना सन्तान पढाइरहेका छन् । त्यसैगरी, निम्नवर्गका ३६.२ प्रतिशतले सामुदायिक र करिब २१ प्रतिशतले संस्थागत र मध्य वर्गका २२ प्रतिशत परिवारले सामुदायिक र ३५ प्रतिशत परिवारले संस्थागत विद्यालयमा आफ्ना सन्तान पढाइरहेको सर्वेक्षणले देखाएको छ ।

देशभित्रै समानान्तर दुई तहका शैक्षिक (सामुदायिक र संस्थागत) प्रणाली विस्तारित भएपछि यसले समाजमा निश्चित वर्गको पुनरूत्पादन गर्ने भयो । केही समय अघिसम्म पनि सहर-गाउँमा भएका सामुदायिक विद्यालय (कलेज पनि) मा समाजका सबै वर्गका सन्तान पढ्न जान्थे । विभिन्न वर्गका सदस्यको यो घुलमिलले शिक्षालयहरूलाई एक अर्काका अनुभव साटासाट गर्ने, समस्या बुझ्ने सामाजिक संस्थाका रूपमा उभ्याएका थिए । तर शिक्षालय चयनमा हुने विभेदका कारण अबका दिनमा समाजका विभिन्न वर्गका सन्तानहरूबीच कुनै पनि किसिमको सम्मिलन नहुने स्थिति निर्माण भएको छ । समाजमा वर्ग पुनरूत्पादनका मुख्य अवयवको रूपमा अब शिक्षालय देखापरेका छन् । शिक्षण संस्थामार्फत भएको यस किसिमको वर्गीय असमानताले अन्ततः समाजमा विग्रह ल्याउँछ ।

## बेवास्तामा प्राथमिक तह

सामुदायिक विद्यालयप्रति नागरिकको विश्वास दिलाउन/फर्काउन शिक्षामा व्यापक पुनर्संरचना जरूरी छ । त्यो कसरी गर्न सकिन्छ भन्नेबारे छलफल गर्नुपर्छ । यद्यपि, सामुदायिक विद्यालयको संख्या घटाउने र विद्यालयमा लगानी बढाउने, प्रधानाध्यापक/शिक्षकको योग्यता बढाउँदै उनीहरूलाई विद्यालयप्रति जिम्मेवार बनाउने र प्राथमिक तहबाटै शिक्षण सिकाइ प्रक्रियामा ध्यान पुऱ्याउन सके सार्वजनिक शिक्षा सुधारको बाटोमा जान सक्छ । नेपालको सार्वजनिक शिक्षा यसरी कमजोर र अव्यवस्थित हुनुमा आवश्यकभन्दा बढी विद्यालयको संख्याले पनि अप्रत्यक्ष रूपमा काम गरेको छ ।

अहिले देशभर करिब २७ हजार सामुदायिक विद्यालय छन् । सामुदायिक विद्यालयको यो संख्या धेरै भयो । पछिल्लो समय सहर बजारमा संस्थागत विद्यालय खुल्न थालेपछि सहरी क्षेत्रमा मात्र होइन, सहर उन्मुख ग्रामीण क्षेत्रमा रहेका सामुदायिक विद्यालयमा पढ्ने विद्यार्थीको संख्यामा ठूलो गिरावट आएको छ । त्यसैगरी, नेपालमा घट्दो प्रजनन दर र गाउँबाट सहरतर्फको बसाइँसराइ आदि कारणले पहाडी भेगका कतिपय विद्यालय बन्द हुने अवस्थामा पुगेका छन् । खुलेका विद्यालय खारेज गर्ने या अर्को विद्यालयमा गाभ्ने (मर्ज गर्ने) विषय राजनीतिक रूपमा जटिल र सामाजिक न्यायका हिसाबले पेचिलो छ । समुदायका हरेक परिवारका बालबच्चाले आफ्नै गाउँ ठाउँमा सहज रूपमा गुणस्तरीय शिक्षा पाउने सुनिश्चितता हुनुपर्छ । तर यो भनेको कुनै समय आवश्यक भएर सामुदायिक पहलमा खोलिएका विद्यालय बन्द गर्ने हुँदैन भन्ने पनि होइन ।

खासमा अहिले नेपालमा कतिको संख्यामा प्राथमिक, आधारभूत र माध्यमिक विद्यालय चाहिन्छ; यसबारे बहस गर्नुपर्छ । धेरै सामुदायिक विद्यालयभन्दा पनि गुणस्तरीय सामुदायिक विद्यालय अहिलेको आवश्यकता हो । मेरो विचारमा अहिले सञ्चालनमा रहेका भनिएका करिब २७ हजार सामुदायिक विद्यालय सञ्चालन गर्नुको सट्टा गुणस्तरीय पठनपाठन हुने १० हजार जति सामुदायिक विद्यालय जति भए पुग्छ भन्ने हो । किनकि अहिले आधाभन्दा बढी (करिब १६ हजार) सामुदायिक विद्यालयमा सय जना विद्यार्थी पनि छैनन् (इडियु-पत्र २०८१) । विशेषगरी सहरी इलाका जहाँ नजिक नजिक सामुदायिक विद्यालय छन् । तर पर्याप्त विद्यार्थी छैनन ती विद्यालयहरू 'मर्ज' गर्ने नीति स्थानीय सरकारले तत्काल लागु गर्नुपर्छ ।

विद्यालय खोलेपछि कम्तीमा पनि विद्यालय सञ्चालन गर्न सक्ने सक्षम प्रधानाध्यापक/शिक्षक आवश्यक पर्छ । यसका लागि विद्यालयको प्रमुख नेतृत्व गर्ने प्रधानाध्यापक (शिक्षकहरूको पनि) को शैक्षिक योग्यताबारे समेत ध्यान पुऱ्याउनु आवश्यक छ । खासै छलफलमा नआएको विषय भनेको हाम्रा सामुदायिक विद्यालय सञ्चालनको नेतृत्व कस्ता व्यक्तिबाट भइरहेको छ भन्ने हो ।

राज्यबाट प्रकाशित पछिल्ला तथ्यांकले भन्छ– सामुदायिक विद्यालयका प्रअको शैक्षिक योग्यता कमजोर छ । उदाहरणका लागि २०८१/८२ को फ्लास रिपोर्ट अनुसार सामुदायिक विद्यालयमा कार्यरत २४ हजार ८ सय ३९ प्रधानाध्यापकमध्ये करिब ४४ प्रतिशत (१० हजार ९ सय ६४) को शैक्षिक योग्यता आइए वा सोभन्दा कम छ । त्यसैगरी प्राथमिक विद्यालयमा कार्यरत १३ हजार ८ सय ६५ प्रधानाध्यापकमध्ये करिब ६१ प्रतिशतको शैक्षिक योग्यता आइए वा सोभन्दा कम देखिन्छ । अझ करिब २ हजार जति विद्यालयका प्रधानाध्यापकको शैक्षिक योग्यता केवल कक्षा १० या सोभन्दा पनि कम छ ।

सामुदायिक विद्यालयका प्रअको शैक्षिक योग्यताबारे शिक्षा तथा मानव स्रोत विकास केन्द्रितबाट प्रकाशित यी

तथ्यांक सही हुन् भने यसले सार्वजनिक शिक्षा कमजोर हुनुमा विद्यालयका प्रधानाध्यापक/शिक्षकहरूको कमजोर शैक्षिक योग्यताले पनि उल्लेखनीय भूमिका खेलेको छ भन्नुपर्ने हुन्छ । कुनै समय प्राथमिक एवं आधारभूत तहसम्मको विद्यालयमा प्रधानाध्यापक हुन आए वा सो सरह पढेको भए पनि हुन्थ्यो होला । तर अब त्यो ग्राह्य छैन । प्राथमिक विद्यालय त हो नि ? धेरै पढेको प्रधानाध्यापक किन चाहियो भन्ने मानसिकताले विद्यालय शिक्षा सुल्झदैन् । विद्यालय कस्तो बनाउने भन्नेमा सबैभन्दा धेरै भूमिका प्रअको हुन्छ । त्यसैले स्थायी शिक्षकबाटै प्रअ छान्ने हालको प्रचलनलाई भंग गर्दै विद्यालयमा प्रअलाई छुट्टै पदका रूपमा विकाश गर्दै विद्यालयको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी दिनुपर्छ ।

अझ सिकाइ दृष्टिकोणका हिसाबले सबैभन्दा महत्त्व दिनुपर्ने प्राथमिक तथा आधारभूत तहका विद्यार्थीलाई भने नेपालको शिक्षा प्रणालीले सबैभन्दा उपेक्षा गरिरहेको छ । प्राथमिक र आधारभूत तहका कक्षामा बालबालिकालाई राम्रोसँग सिकाउन सकिएन भने माथिल्ला कक्षामा उनीहरूले राम्रो गर्ने सम्भावना न्यून हुन्छ । तर प्रायः सामुदायिक विद्यालयले तल्ला कक्षामा पढ्ने बालबालिकाको सिकाइ प्रक्रियामा कसै पनि पर्याप्त ध्यान दिएको देखिँदैन ।

बालबालिकालाई सिर्जनशील बनाउन आवश्यक पर्ने अन्य प्रकारका पूर्वाधार (सुविधासम्पन्न खेल मैदान, खेल्ने सामग्री आदि) समेत प्राथमिक विद्यालयमा पर्याप्त छैनन् । कतिपय सामुदायिक विद्यालयमा बालबालिका पढ्ने कक्षा कोठा बालबालिकामैत्री समेत छैनन् । त्यसैगरी बालबालिकालाई कसरी सिकाउने भन्नेमा शिक्षकहरूलाई पर्याप्त ज्ञानसमेत कम छ । धेरैजसो विद्यालयमा प्राथमिक

> **"विद्यालय जाने उमेर समूहका परिवारमध्ये करिब ४८ प्रतिशतले आफ्ना सन्तान निजी शिक्षण संस्थामा पढाइरहेका थिए भने सामुदायिक विद्यालयमा पढाउने परिवारको ४३.४ प्रतिशत थियो । बाँकी, ८.२ प्रतिशत परिवारले भने सामुदायिक र निजी दुवै शिक्षण संस्थामा पढाइरहेका थिए ।"**

तह जस्तोसुकै शिक्षकले पनि पढाउन सक्छन् भन्ने गलत मान्यता हाबी भएको देखिन्छ । यस्तो मान्यताले गर्दा प्राथमिक तहमा पढिरहेका विद्यार्थीले खासै केही सिकिरहेका छैनन् । प्राथमिक तथा आधारभूत कक्षाको सिकाइ प्रणाली सुधार नगरेसम्म विद्यालय शिक्षा सुधार गर्न असम्भव छ । सामुदायिक विद्यालय शिक्षा सुधार गर्ने हो भने प्राथमिक तथा आधारभूत तहमा व्यापक सुधार ल्याउनु जरूरी छ ।

## विभेद र शिक्षकको खस्कँदो प्रतिष्ठा

नेपालको शिक्षामा विद्यमान लैंगिक, जातीय, वर्गीय तथा भौगोलिक असमानताबारे प्रशस्त बहस भएको छ । विद्यालयभित्र हुने यस्ता विभेदबारे भने हामीले ध्यान दिएर बहस गरेका छैनौं । बाहिरबाट हेर्दा खासै नदेखिने तर अलिक ध्यान दिएर हेर्दा हाम्रा सामुदायिक विद्यालयभित्र विभेद/असमानताका पत्रैपत्र छन् । एउटै विद्यालयमा थरीथरीका शिक्षक (स्थायी, अस्थायी, राहत, निजी, अन्य) छन्, उनीहरूबीच तहगतलगायत अन्य प्रकारका असमानता छन् । स्थायीले राहतलाई र राहतले निजी स्रोतमा राखेका अस्थायी प्रकृतिका शिक्षकलाई आफूभन्दा 'तल्लो कोटिका' ठान्छन् ।

त्यति मात्र होइन, पढाउने विषय (गणित, विज्ञान, अंग्रेजी या नेपाली) र तह (प्राथमिक कि माध्यमिक) अनुसार पनि शिक्षकहरूले आफूलाई विद्यालयमा शक्तिशाली र कमजोर सम्झन्छन् । यतिसम्म कि विद्यालयमा कुन जात, लिंग, राजनीतिक दलको प्रधानाध्यापक छ भन्ने विषयले समेत विद्यालय सञ्चालन प्रक्रियामा प्रभाव परेको देखिन्छ । केही समयअघि मधेस प्रदेशको एक सामुदायिक विद्यालयका प्रधानाध्यापकले विद्यालय सञ्चालनमा परेको सकसबारे बताएका थिए– 'विद्यालयमा शिक्षक जति कथित उच्च जातका छन्, म उनीहरूको जातमा परिनँ, विद्यार्थी जति गरिब र दलित छन्, मैले भनेको कुरा शिक्षकले सुन्दैनन्, सर !'

केही वर्षअघिसम्म पनि सामुदायिक विद्यालयको शिक्षक र प्रधानाध्यापकलाई जुन प्रकारको सामाजिक हैसियत प्राप्त थियो त्यो क्रमशः क्षय हुँदै गएको छ । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकका लागि अन्य प्रकारका 'इन्सेटिभ मेकानिजम' निकट भविष्यमा तयार गर्न सकिएन भने क्षमता भएका व्यक्ति सामुदायिक विद्यालयको शिक्षक बन्न सक्ने सम्भावना ज्यादै कम छ । अहिले विद्यालय र विश्वविद्यालयमा पढिरहेका अब्बल विद्यार्थीमध्ये अति कमले मात्र सामुदायिक विद्यालयको शिक्षक बन्ने चाहना राख्लान् । यसले कमजोर मात्र शिक्षक पेसामा रहन सक्ने सम्भावनालाई बढाएको देखिन्छ । शिक्षण पेसा नै धरापमा पर्ने भएपछि देशको शिक्षा प्रणाली स्वतः धराशायी हुने नै भयो ।

*(नेपालमा विद्यालय शिक्षाको इतिहासबारे अनुसन्धान गरिरहेका उप्रेतीको सह-लेखन र सह-सम्पादनमा नेपालमा विद्यालय शिक्षाः इतिहास, राजनीति र समाज, विद्यालय शिक्षाका वित्तीय आयाम लगायत सातओटा पुस्तक र थुप्रै लेख प्रकाशित छन् ।)*